**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-443

# भाषाविज्ञानको उद्भव र विकासमा पूर्वीय संस्कृत परम्पराको योगदान

उपप्रा. गणेशप्रसाद शर्मा
नेपाली विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: ganeshpaudel959@gmail.com

**लेखसार**

यो लेख भाषाविज्ञानको उद्भव र विकासमा संस्कृत भाषा र व्याकरणको अध्ययन परम्पराले पुऱ्याएको योगदानमा आधारित रहेको छ । संस्कृत भाषाका विद्वान् आचार्यहरूले भाषा र व्याकरणको खोजअन्वेषणका क्रममा आधुनिक भाषाविज्ञानलाई पृष्ठपोषण प्राप्त हुने केकस्तो योगदान पुऱ्याएका छन् भन्ने मूल समस्याको समाधानमा केन्द्रित भएर उक्त समस्याको विश्लेषण गर्ने उद्देश्य रहेको छ । यही उद्देश्यको सीमामा रही मुख्यतः पुस्तकालय र आंशिक रूपमा क्षेत्रीय अध्ययनविधिको प्रयोग गरेर संस्कृत परम्परामा भएका भाषावैज्ञानिक गुणका अध्ययन कार्य र त्यसले आधुनिक भाषाविज्ञानको विकासमा पुऱ्याएको योगदानलाई यसमा सङ्क्षिप्त रूपमा देखाइएको छ । आधुनिक भाषाविज्ञानको वैज्ञानिक विकास १९औँ शताब्दीदेखि पश्चिमबाट थालनी भएको देखिए पनि पूर्वीय संस्कृत परम्पराका वैदिकयुग, पाणिनियुग र पाणिनिउत्तर युगसम्मको अतिदीर्घ समयावधिमा विद्वान् आचार्यहरूले भाषा र व्याकरणको निकै सम्पन्न परम्परा स्थापित गरेका छन् । यसले आधुनिक भाषाविज्ञानको उद्भव र विकासमा आवश्यक पृष्ठभूमि प्रदान गरेको छ । तसर्थ आधुनिक भाषाविज्ञानको श्रीवृद्धिमा पूर्वीय संस्कृत भाषा र व्याकरण परम्पराको योगदान अविस्मरणीय रहेको छ भन्ने कुरालाई यसमा देखाइएको छ ।

*शब्दकुञ्जी :* उद्भव, परम्परा, पूर्वीय, भाषाविज्ञान, योगदान, विकास, संस्कृत

## विषयपरिचय

भाषा मानवीय सम्पर्कको सबैभन्दा प्रभावकारी माध्यम हो । मानवीय समाज र सभ्यताको अस्तित्वसँगै भाषाको प्रारम्भ भएको विश्वास गरिएको छ । प्रयोगमा धेरै पहिले आएको देखिए पनि भाषाका बारेमा चिन्तनमनन भने धेरै पछि आएर मात्र थालिएको देखापर्छ । धेरै पछि आएर थालिएको चिन्तनमनन पनि अहिलेको सन्दर्भमा निकै पुरानो भइसकेको छ । भाषिक चिन्तनमननको पुरानो परम्परा पूर्वमा संस्कृत र पश्चिममा ग्रीक-ल्याटिन भाषाबाट थालिएको हो । भाषाविज्ञानको उद्भव र विकासका सन्दर्भमा संस्कृत, ग्रीक र ल्याटिन भाषाका तिनै पुराना चिन्तनमननहरू प्रारम्भिक पृष्ठभूमिका रूपमा रहेका छन् । त्यस्तै पुराना चिन्तनको क्रमिक खोजाध्ययन र विश्लेषणको फलस्वरूप आधुनिक भाषाविज्ञानको विकास भएको हो । हुन त आधुनिक भाषाविज्ञानको विकासको थालनी १९औँ शताब्दीमा आएर मात्र भएको हो तैपनि भाषाविज्ञानको विकासको बीजाधान कहिले भएको हो भनी खोज्न थाल्दा प्राचीन कालसम्म गहिरिएर हेर्नुपर्ने हुन्छ ।

भाषावैज्ञानिक अध्ययनको प्रारम्भिक अवस्थालाई हेर्दा संस्कृति, सभ्यता, साहित्य र भाषिक उन्नति राम्रो फस्टाउन सकेको ठाउँमा भाषिक चिन्तन र व्याकरणका साथै भाषासम्बन्धी नवीन दृष्टिकोण पनि क्रमशः उद्भव र विकसित हुँदै अघि बढेको देखापर्छ । यस दृष्टिले पूर्वमा भारतीय उपमहाद्वीपको भारतवर्ष र पश्चिमतर्फ युरोपका विभिन्न क्षेत्रमा भएका भाषिक चिन्तनहरू महत्त्वपूर्ण छन् । यही कारणले गर्दा भाषाविज्ञानको उद्भव र विकासको परम्परालाई पूर्वीय र पश्चिमी गरी दुई प्रकारमा वर्गीकरण गरेर हेर्ने गरिएको छ । पूर्वीय परम्पराको पनि वैदिक कालदेखि अहिलेको २१औँ शताब्दीसम्म अध्ययन र विकासको निकै लामो श्रृङ्खला बनेको छ । विषयगत गहनतालाई ध्यान दिएर पूर्वीय परम्पराअन्तर्गतको संस्कृत भाषिक परम्पराले भाषाविज्ञानको उद्भव र विकासमा पुऱ्याएको योगदानमा केन्द्रित भएर यस लेखमा विषयवस्तु प्रस्तुत गरिएको छ ।

## अध्ययनविधि र प्रक्रिया

शोधपरक लेखनकार्यमा उचित शीर्षकको चयन, समस्या र औचित्यपूर्ण अन्तरालको पहिचान गरी वस्तुनिष्ठ समाधानको खोजी गरेर अन्तरालको यथाशक्य परिपूरण गर्नको लागि सामग्रीको सङ्कलन र विश्लेषण गर्दै निष्कर्षमा पुग्नुपर्ने हुन्छ । यहीअनुसार प्रस्तुत लेखमा अत्यन्त सुझबुझपूर्ण किसिमले अध्ययनको खास समस्यामा केन्द्रित भई शीर्षकको चयन गरिएको छ । संस्कृत व्याकरणिक परम्परा र भाषाविज्ञानको उद्भव र विकासमा यस परम्पराले पुऱ्याएको योगदानलाई देखाएर यससम्बन्धी अन्तराललाई स्पष्ट पार्न शीर्षकीय सीमामा रही अध्ययन अघि बढाइएको छ । यस लेखका लागि आवश्यक पर्ने सामग्री पुस्तकालयीय कार्यद्वारा सङ्कलन गरिएको छ । लेखको निर्धारित शीर्षकमा केन्द्रित भएर विषय विशेषज्ञसँग छलफल, सल्लाह र सुझाव पनि लिइएकोले यसमा आंशिक रूपमा क्षेत्रीय कार्य पनि भएको छ । सङ्कलित सामग्रीलाई गुणात्मक पद्दतिका आधारमा अध्ययन गरिएको छ । यसका लागि वर्णनात्मक, व्याख्यात्मक र विवेचनात्मक विधि अपनाइएको छ ।

## संस्कृत व्याकरणिक परम्परा र भाषाविज्ञानको उद्भव र विकासमा योगदान

संस्कृत भाषा एवम् व्याकरणिक परम्परा र आधुनिक भाषाविज्ञानको उद्भव र विकासमा यस परम्पराले पुऱ्याएको योगदानको खोजी गर्दा ई. पू. ८०० देखि ई. पू. ४०० बिचको कुनै समयको मानिएका पाणिनिले लेखेको अष्टध्यायी नै मुख्य केन्द्रविन्दुमा रहेको छ । यसो भए पनि पाणिनिपूर्वको वैदिक युग र पाणिनिपछिको संस्कृत भाषिक अध्ययन परम्पराले भाषावैज्ञानिक अध्ययनका क्षेत्रमा पुऱ्याएको योगदानलाई पनि त्यतिकै छोड्न मिल्दैन । यही कारणले गर्दा यस लेखमा पूर्वीय संस्कृत भाषा व्याकरणिक परम्परा र यसले आधुनिक भाषाविज्ञानको उद्भव र विकासमा पुऱ्याएको

**Article information**
**Received**: 9 September 2023
**Accepted:** 26 September 2023
**Published**: 9 October 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

योगदानलाई वैदिक युग, पाणिनि युग र पाणिनिउत्तर युग गरी मुख्यतः तीन युग खण्डमा विभाजन गरेर चर्चा गर्ने प्रयत्न गरिएको छ ।

**वैदिक युग**

पूर्वीय संस्कृत भाषा व्याकरणिक परम्पराको खोजी गर्दा सर्वप्राचीन युग मानिएको वैदिक युगसम्म पुग्नुपर्ने हुन्छ । यस युगको थालनी ई.पू. १५०० तिर भएको विश्वास गरिएको छ । यस युगका महत्तम् सामग्री ऋग्वेद, अथर्ववेद, सामवेद र यजुर्वेद आदि चतुर्वेद नै हुन् । चतुर्वेदमध्ये पनि सबैभन्दा पुरानो ऋग्वेद नै हो । यही ऋग्वेदको प्रथम मण्डलअन्तर्गत १६४ सूक्तको ४५औँ मन्त्रमा चत्वारीवाक् अर्थात् चार प्रकारका वाणीका बारेमा भनिएको छ- "चत्वारि वाक्परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः । गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्याःवदन्ति ॥" (लुइटेल, २०६३, पृ. १७९) यस मन्त्रले वाणीका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी चार रूप देखाएको छ । यिनीहरूमध्ये अघिल्ला तीन वाणीहरू प्रकट हुँदैनन् । त्यसैले यी तीन वाणी अव्यक्त रूपमै रहन्छन् । यिनलाई ब्राह्मण मनीषिहरूले मात्र जान्दछन् । सबै मानिसहरू भने वाणीको चौथो रूप बैखरी नै बोल्ने गर्दछन् भन्ने यस मन्त्रको तात्पर्य देखिन्छ । वेदका अध्येताहरूले उल्लिखित वैदिक मन्त्रको अध्ययन गरेर मनीषि ब्राह्मणले नै जान्दछन् भनिएको चत्वारीवाक्लाई आआफ्नै किसिमले अर्थाएका छन् । निरुक्तकार यास्कले ॐ, भूः, भुवः र स्वः चत्वारीवाक्को अर्थ हो भनेका छन् । पतञ्जलि र कैयटले नाम, आख्यात, उपसर्ग र निपात नै चत्वारीवाक् भएको देखाएका छन् । त्यस्तै भर्तृहरि, नागेश, गौडपाद सायण आदि आचार्यहरूले परा, पश्यन्ती, मध्यमा र वैखरी नै ऋग्वेदमा उल्लेख भएको चत्वारीवाक् भएको विश्वास गरेका छन् (बन्धु, २०५३, पृ. १) । यी वाणीहरूमध्ये क्रमशः तेस्रोसम्म मनीषि ब्राह्मण एवम् चिन्तकहरूले मात्र जान्ने अव्यक्त वाणी र चौथो वाणी सामान्य मानिसहरूले बोल्ने व्यक्त वाणी हो भनेर मानिएको छ । ऋग्वेदको यस कथनबाट वाणीका अव्यक्त र व्यक्त गरी दुई प्रकार हुने देखिन्छ । वेदमा भाषिक अध्ययन पद्धतिको पनि उल्लेख गरिएको छ । यस्तो पद्धतिलाई पाठपद्धति भनिएको छ । मन्त्रपाठ, पदपाठ, जटापाठ, घनपाठ र क्रमपाठ वेदमा उल्लिखित पाँच प्रकारका पाठपद्धति हुन् । वेदका मूलपाठका साथै वैदिक भाषाको रक्षाका लागि यी पाठपद्धतिको पनि उत्तिकै महत्त्व रहेको देखिन्छ । वेदको अशुद्ध पाठ गर्नुलाई पाप घोषित गरेर शुद्ध पाठको निर्देश वेदमा गरिएको छ । वेदमा उदात्त, अनुदात्त र स्वरित गरी तीन प्रकारका स्वरभेद व्यवस्थाको चर्चा पनि गरिएको पाइन्छ । यी तीन प्रकारका स्वरहरूमध्ये ठूलो स्वरमा उच्चरित हुने उदात्त स्वर हो । बिस्तारै उच्चारण हुने स्वर अनुदात्त स्वर हो भने उदात्त र अनुदात्तका बिचको स्वर स्वरित हो । वेदमा उल्लिखित यिनै स्वरहरूलाई पाणिनिले पछि आएर आफ्नो अष्टाध्यायीमा सूत्रबद्ध गरेका हुन् (रावत, सन् २००५, पृ. ५५) । स्वरको यस्तो प्रकारसहित विवेचन आधुनिक भाषाविज्ञानको ध्वनिविज्ञान शाखासँग प्रत्यक्षतः सम्बन्धित देखिन्छ । वेदमा सन्धि, समास, पद आदिका बारेमा पनि चर्चा गरिएको छ । त्यसैले ध्वनिविज्ञानसँग सम्बन्धित मात्र नभई वेदमा आधुनिक भाषाविज्ञानको पदविज्ञानसँग सम्बन्धित पूर्व पृष्ठभूमिको बीजाधान पनि भएको देखापर्छ ।

वैदिक ग्रन्थहरूको प्राप्तिपछि तिनको व्यवस्थित अध्ययन अनुशीलन गर्ने क्रममा विद्वान् ऋषिमुनिहरूले शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिष गरी ६ प्रकारका वेदाङ्गको रचना गरेका छन् । यी वेदाङ्गहरूमध्ये शिक्षा, व्याकरण र निरुक्त वैदिक भाषासँग सम्बन्धित छन् । यी तीन वेदाङ्गहरूमध्येको शिक्षा भाषिक ध्वनिसँग सम्बन्धित रहेको छ । शिक्षा वेदाङ्गका सम्बन्धमा सायणाचार्यले स्वर र व्यञ्जन आदिको उच्चारण भेदलाई दर्साउने पद्धतिलाई शिक्षा मानेका छन् । विष्णुमित्रले शिक्षालाई स्वर वर्णोपदेशक शास्त्र भनेका छन् । ६ वटा वेदाङ्गहरूमध्येको शिक्षा वेदाङ्गले मुख्यतः वैदिक संहिताहरूलाई उचित किसिमले उच्चारण गर्न सिकाउने लक्ष्य राखेको देखिन्छ । शिक्षा वेदाङ्ग केकति सङ्ख्यामा थिए भन्ने निश्चित देखिँदैन । भारतीय भाषाविद् शिद्धेश्वर वर्माले पैसठ्ठीवटा शिक्षाग्रन्थ भेटेको र पचपन्नवटा उनी आफैले पढेको कुरा माधव पोखरेलले उल्लेख गरेका छन् (पोखरेल, २०५७, पृ. ५) । शिक्षामा मूलतः ध्वनिको चर्चा गरिएको छ । यही कारणले गर्दा ध्वनिको प्रायोगिक चर्चा गर्ने प्रातिशाख्यभन्दा शिक्षा प्राचीन मानिन्छन् तर आजभोलि चर्चामा रहेका शिक्षाहरू प्रातिशाख्यहरूभन्दा पछि लेखिएका हुन् । शिक्षा वेदाङ्गहरू केही स्वतन्त्र छन् र केहीको सम्बन्ध विभिन्न वेदहरूसँग रहेको छ । विभिन्न शिक्षा वेदाङ्गहरूमध्ये भारद्वाज शिक्षा, नारद शिक्षा, याज्ञवल्क्य शिक्षा, स्वरव्यञ्जन शिक्षा, व्यास शिक्षा आदि मुख्य हुन् । शिक्षामा स्वर र व्यञ्जन ध्वनिहरूलाई उच्चारण स्थान, करण, प्रयत्न आदि आधारमा वर्गीकरण गरेर शब्दहरूलाई ठीकसँग उच्चारण गर्ने विधि बताइएको छ । शिक्षाले निर्देश गरेका उल्लिखित ध्वनिसम्बन्धी सन्दर्भहरू आधुनिक भाषाविज्ञानको ध्वनिक्षेत्रसँग सम्बन्धित छन् । यसैले गर्दा भाषाविज्ञानको उद्भव र विकासँग अतिप्राचीन समयका शिक्षा वेदाङ्गको सम्बन्ध बीज रूपमा गाँसिएको देखापर्छ ।

भाषाविज्ञानको उद्भव र विकासमा पूर्वीय संस्कृत परम्पराको योगदानलाई खोज्न थाल्दा शिक्षापछि प्रातिशाख्य देखापर्छन् । प्रातिशाख्य शिक्षाकै विस्तृत रूप मानिन्छन् । शिक्षा वेदाङ्गमा ध्वनिसम्बन्धी सन्दर्भहरूको सैद्धान्तिक चर्चा गरिएको छ भने प्रातिशाख्यमा त्यसकै प्रायोगिक रूपको चर्चा गरिएको छ (रावत, सन् २००५, पृ. ५७) । शिक्षा वेदाङ्ग जस्तै गरी प्रातिशाख्यहरूको सङ्ख्या पनि निश्चित देखिँदैन । संहिताका एक हजारभन्दा बढी शाखा भएका र तिनकै हाराहारीमा प्रातिशाख्य पनि रचना गरिएका हुन सक्ने अनुमान विद्वान्हरूले गरेका छन् । अहिले उपलब्ध शौनककृत ऋक् प्रातिशाख्य, कात्यायनकृत शुक्लयजुः प्रातिशाख्य, कृष्णयजुर्वेदको तैत्तिरीय प्रातिशाख्य, मैत्रायणी प्रातिशाख्य, सामवेदको पुष्पसूत्र प्रातिशाख्य, शौनककृत अथर्व प्रातिशाख्य प्रमुख मानिन्छन् । अहिले भेटिएका प्रातिशाख्यहरू प्राचीनतम् प्रातिशाख्य नभए पनि तिनै प्राचीन प्रातिशाख्यमा आधारित भएर लेखिएका हुन् भन्ने अड्कल भोलानाथ तिवारीले गरेका छन् (तिवारी, सन् १९९२, पृ. ४७४) । समयको क्रमसँगै वैदिक भाषा जनभाषाबाट टाढिन थालेपछि वैदिक संहिताहरूको शुद्ध पठनलाई निर्दिष्ट गरेर प्रातिशाख्यहरूको रचना गरिएको देखिन्छ । वेद पढ्दा ध्वनिसम्बन्धी अशुद्धि नहोस् भनेर वेदको शुद्ध पाठ गर्नका लागि ध्यानाकृष्ट गर्ने उद्देश्यले लेखिएका तिनै प्रातिशाख्यहरूमा प्राचीनतम् भाषावैज्ञानिक दृष्टान्त प्रशस्त छन् । प्रातिशाख्यहरूमध्ये शौनककृत ऋक् प्रातिशाख्यमा स्वर र व्यञ्जनको परिचय, स्वरवर्ण परिवर्तनको नियम र व्यञ्जनका सम्बन्धमा प्राचीन आचार्यहरूका विचारको विवेचना प्रस्तुत गरिएको छ । त्यस्तै गरी यसमा प्रश्लिष्ट, क्षैप्र, उद्ग्रह, भुग्न, विसर्ग, क्रम, व्यञ्जन, प्लुति आदि विभिन्न प्रकारका सन्धिहरूलाई उदाहरण दिएर सूक्ष्म किसिमले विवेचना गरिएको छ । शब्दवर्गका नाम, आख्यात, आदिका बारेमा पनि उल्लेख गरिएको छ । यस प्रकारसँग स्वर, व्यञ्जन, वर्णसन्धि, शब्दको उच्चारणविधि आदिका बारेमा शौनककृत ऋक् प्रातिशाख्यमा चर्चा गरिएको देखापर्छ । शुक्लयजुः प्रातिशाख्यमा उदात्त, अनुदात्त र स्वरित स्वरका साथै संस्कार (सन्धि) का बारेमा पनि व्यापक विवेचना गरिएको छ । त्यस्तै गरी तैत्तिरीय प्रातिशाख्यमा वर्ण समान्नाय, वर्णस्थान, ध्वनिको उत्पत्ति प्रक्रिया, स्वर तथा विसर्ग सन्धिहरू,

मूर्धन्यविधान, णत्वविधान, अनुनासिक र यसका भेदहरू, अनुस्वार, स्वरितभेद र संहितास्वरूप आदिका बारेमा चर्चा गरिएको छ । यस प्रकारसँग प्रातिशाख्य रचनाहरू वर्तमान भाषावैज्ञानिक अध्ययनसँग सम्बन्धित देखिन्छन् । यसैले गर्दा भाषाविज्ञानको उद्भव र विकासको यात्रामा पूर्वीय प्राचीन पृष्ठभूमिको आधारशिलाको रूपमा प्रातिशाख्यहरूको योगदान महत्त्वपूर्ण रहेको छ ।

वैदिककालीन भाषावैज्ञानिक प्राप्तिको क्रममा वेद, शिक्षा र प्रातिशाख्यपछिको तेस्रो स्थानमा निरुक्तलाई लिइएको छ । निरुक्तको तात्पर्य व्युत्पत्ति वा निर्वचन हो । प्रातिशाख्यजस्तै गरी निरुक्तको सङ्ख्या पनि यति नै भनेर कसैले देखाउन सकेका छैनन् । अहिले यास्ककृत एउटा मात्र निरुक्त उपलब्ध छ । यास्कको समय ई.पू. आठौँ शताब्दी मानिएको छ । यिनी पाणिनिभन्दा अघिका आचार्य हुन् । यास्कले वैदिक शब्दसङ्ग्रह मानिएको आफ्नै निघण्टुमा सङ्कलित जम्मा १७७१ शब्दहरूमध्ये ६६० शब्दहरूको विवेचन स्वकृत निरुक्तमा प्रस्तुत गरेका छन् (शर्मा, सन् २०००, पृ. ८८) । यसमा ध्वनि, पद र अर्थका बारेमा शब्दको अर्थलाई आधार बनाएर विशद् चर्चा गरिएको छ । ध्वनिविज्ञानका दृष्टिबाट हेर्दा वर्णागम, वर्णविपर्यय, वर्णविकार, वर्णनाश, आदि स्वरलोप, मध्य स्वरलोप, वर्णलोप आदिका बारेमा उदाहरणसहित निरुक्तमा चर्चा गरिएको छ । यसका साथै रुपविज्ञान, वाक्यविज्ञान, व्युत्पत्तिविज्ञान एवम् अर्थविज्ञानजस्ता भाषाविज्ञानका महत्त्वपूर्ण अङ्गहरू सम्बन्धित सन्दर्भहरूको चर्चा पनि निरुक्तमा गरिएको छ । आधुनिक भाषाहरूका अनुकूल हुने गरी निरुक्तमा शब्दलाई धातुज स्विकारिएको छ । यौगिक शब्दहरूको विवेचनाका साथै प्राचीन पदविभाग मानिएका नाम, आख्यात, उपसर्ग आदिको पनि चर्चा गरिएको छ । प्रत्येक संज्ञा शब्दको व्युत्पत्ति कुनै न कुनै धातुबाट भएको हो भन्ने निचोड निरुक्तकारले प्रस्तुत गरेका छन् । निरुक्तमा संज्ञा, क्रिया, तद्धित आदि भेदहरूको व्याख्या पनि गरिएको छ । निरुक्तमा उल्लेख गरिएका आधुनिक भाषाविज्ञानसँग सम्बद्ध विभिन्न अङ्गहरूको विवेचनालाई हेर्दा भाषाको वैज्ञानिक खोजाध्ययन र अन्वेषणमा पूर्वीय संस्कृत परम्परा निकै सम्पन्न देखापर्छ । यसैले गर्दा भाषाविज्ञानको उद्भव र विकासका सन्दर्भमा प्राचीन पृष्ठभूमिका रूपमा यास्ककृत निरुक्तको विशद् महत्व रहेको छ । वेद, वेदाङ्ग, प्रातिशाख्य र निरुक्तका अतिरिक्त पाणिनिपूर्वको वैदिकयुगीन समयमा व्याकरणशास्त्रको सुदीर्घ परम्परा स्थापित भएको छ । पाणिनिको उदय हुनुभन्दा अघि नै आपिशलि, गार्ग्य, काश्यप, स्फोटायन, औदुम्बरायण, गालब, शाकटायन, शाकल्य, आपि आदि ५० जति वैयाकरण आचार्यहरूले भाषा र व्याकरणका बारेमा कार्य गरेका भन्ने चर्चा पाइन्छ । पाणिनिपूर्वको समयमै प्रातिशाख्य परम्परा र व्याकरण परम्परा गरी दुई छुट्टाछुट्टै परम्पराको विकास र विस्तार पनि भएको थियो भन्ने स्विकारिएको छ । प्रातिशाख्य परम्परा भाषा, वाक्य र ध्वनि विवेचनामा केन्द्रित रहेको देखापर्छ । यस परम्पराका प्राप्तिहरू सिद्धान्ततः सबै भाषाहरूमा सामान्य किसिमले उपयोग हुन सक्ने प्रकृतिका छन् । त्यस्तै दोस्रो व्याकरण परम्परा वैदिक र समसामयिक लौकिक भाषाको विवेचनामा केन्द्रित रहेको छ ।

यसरी वेददेखि लिएर पछिल्लो वैदिकयुगीन परम्परासम्म आइपुग्दा संस्कृत भाषामा केन्द्रित भएर भाषाको व्यापक चर्चा भएको देखिन्छ । यस क्रममा ध्वनि, वर्ण, पद, अर्थ, वाक्य आदि आधुनिक भाषाविज्ञानका अङ्गहरूमा केन्द्रित भएर वैदिक युगका विद्वान्हरूले आधुनिक पश्चिमा विद्वान्हरूलाई समेत आश्चर्यचकित पार्ने गरी भाषावैज्ञानिक किसिमले भाषा र व्याकरणको खोजविश्लेषण गरेको देखापर्छ । पूर्वीय परम्पराको सर्वप्राचीन वैदिक युगका माथि उल्लिखित भाषावैज्ञानिक उपादानहरू आधुनिक भाषाविज्ञानको उद्भव र विकासका सन्दर्भमा पूर्वीय प्राचीन योगदानसँग आबद्ध छन् । यसबाट ई.पू. पन्ध्रौँदेखि ई.पू. आठौँ-चारौँ शताब्दीसम्मको युग मानिएको पूर्वीय वैदिक युगले आधुनिक भाषाविज्ञानको उद्भव र विकासमा उन्नत पृष्ठभूमिको बीज प्रदान गरेको देखापर्छ ।

## पाणिनियुग

भाषाविज्ञानको उद्भव र विकासका सन्दर्भमा पूर्वीय संस्कृत परम्पराको अध्ययन गर्दा पाणिनि युग नै सर्वोन्नत एवम् मुख्य केन्द्रविन्दु रहँदै आएको छ । यस युगका मुख्य आचार्य पाणिनि हुन् । उनको योगदानको प्रभाव आफ्नो युगीन समयमा मात्र सीमित नभएर आधुनिक भाषाविज्ञानको विकास र विस्तारमा समेत प्रत्यक्ष अप्रत्यक्ष रूपमा अहिलेसम्म पनि परेको छ । पाणिनिको सर्वचर्तित कृति अष्टाध्यायी हो । यसको अध्ययन गरेपछि आधुनिक भाषाविज्ञानका चर्तित व्यक्तित्व ब्लूमफिल्डले आफ्नो भाषा (language) नामक पुस्तकमा पाणिनीय अष्टाध्यायीलाई सङ्केत गर्दै यसरी लेखेका छन् : "This grammar which dates from somewhere round 350 to 250 B.C. is one of the greatest monuments of human intelligence. No other language to this day has been so perfectly described." (तिवारी, सन् १९९२, पृ. ४७३) । ब्लूमफिल्डले आफ्नो यस स्वीकारोक्तिमा ई.पू. ३५० देखि २५० को बिचमा लेखिएको भनेर विश्वास गरिएको अष्टाध्यायी मानवीय बुद्धिमत्ताको सबैभन्दा ठूलो स्मारक हो भनेर मुक्तकण्ठले प्रशंसा गरेका छन् । उनले त्यस समयका अरू कुनै पनि भाषामा अष्टध्यायीमा जस्तो गरी अत्यन्त व्यवस्थित किसिमले नियमबद्ध व्याकरणिक व्याख्या नगरिएको पनि स्पष्ट उल्लेख गरेका छन् । यसबाट उनले अष्टाध्यायीलाई भाषा र व्याकरणका विषयमा व्यवस्थित र सूत्रबद्ध व्याख्या गरिएको अत्यन्त मूल्यवान् मानवीय ज्ञानको उच्चतम् स्मारक मानेको स्पष्ट हुन्छ । पाणिनिको महानताको चर्चा गर्दै इन्साइक्लोपिडिया ब्रिटानिका फिलोलोजीमा यस्तो उल्लेख गरिएको छ : "Among the Indian grammrians Panini ranks first, his work has been called the most complect grammar existing for any language, dead or living." (शर्मा, सन् २०००, पृ. ८८) । इन्साइक्लोपिडिया ब्रिटानिका फिलोलोजीमा प्रस्तुत यस कथनले पाणिनिलाई भारतीय वैयाकरणहरूमध्ये सबैभन्दा पहिलो श्रेणीका मानेको छ । यसमा पाणिनिको व्याकरणिक योगदान र कार्यलाई अस्तित्वमा रहेका कुनै पनि भाषाका भन्दा उच्चस्तरको पूर्ण व्याकरणिक कार्य भन्दै अहिलेका जीवित र मृत कुनै पनि भाषामा यस स्तरको अध्ययन कार्य हुन नसकेको पनि स्पष्ट पारिएको देखिन्छ । माथिका भनाइहरूबाट पाणिनिको कार्य पूर्वमा मात्र नभई पश्चिमाहरूका माझमा समेत निकै प्रसिद्ध छ भन्ने कुरा देखिन आउँछ ।

पाणिनिको समयका बारेमा अझै पनि मतभेद रहँदै आएका छन् । केहीले ई.पू. चौथो शताब्दी, केहीले ई.पू. छैठौँ-सातौँ शताब्दी एवम् केहीले ई.पू. ३५० देखि ई.पू. २५० को आसपासको समय बताएका छन् । धेरैको विश्वासमा ई.पू. आठौँदेखि चारौँ शताब्दीका बिचको कुनै समय नै पाणिनिको जीवनकाल हुन सक्ने देखिन्छ । भाषाविज्ञानको आधुनिक कालमा आएर पाणिनिको जीवनकालभन्दा पनि विद्वान्हरूको ध्यान उनले लेखेको अष्टाध्यायीमै बढी केन्द्रित भएको देखापर्छ । पाणिनिले अष्टाध्यायीका अतिरिक्त धातुपाठ, गणपाठ, उणादिसूत्र, लिङ्गानुशासन र पाणिनीय शिक्षा पनि लेखेका छन् ।

पाणिनिकृत अष्टाध्यायीमा आठ अध्याय, बत्तीस पाद र ३९८०

सूत्रहरू छन् । भट्टोजि दीक्षितका अनुसार चौध महेश्वर सूत्रका रूपमा प्रसिद्ध अइउण् ऋलृक् एओङ् ऐऔच् हयवरट् लण् ञमङणनम् झभञ् घढधष् जबगडदश् खफछठथचटतव् कपय् शषसर् हल्मा आधारित रहेका छन् (पाण्डेय, सन् १९९३, पृ. १) । यिनै १४ सूत्रमा उनको अष्टाध्यायीको सङ्क्षिप्त सार प्रस्तुत भएको मानिएको छ । पाणिनिले उच्चारण र प्रयत्नका आधारमा ध्वनिलाई वस्तुसङ्गत किसिमले वर्गीकरण र विश्लेषण गरेका छन् । आगम, विकार, लोप आदिका बारेमा सन्धिनियमानुसार विवेचना गर्नुका साथै ध्वनिपरिवर्तनका सम्बन्धमा व्यापक चर्चा प्रस्तुत गरेका छन् । उनले सबै शब्दहरूलाई सुबन्त र तिङन्त गरी दुई वर्गमा बाँडेर सुबन्तअन्तर्गत संज्ञा, सर्वनाम, विशेषण, सङ्ख्यावाचक र अव्ययलाई व्यवस्थित गर्नुका साथै तिङन्तअन्तर्गत सबै क्रियापदलाई समावेश गरेर विश्लेषण गरेका छन् । प्रकृति र प्रत्ययका आधारमा सबै शब्दहरूको वैज्ञानिक दृष्टिबाट व्युत्पत्ति गरेर देखाउने कार्य पनि उनले गरेका छन् । स्वर प्रक्रियाको चर्चा गर्ने क्रममा उदात्त, अनुदात्त र स्वरितको व्यापक चर्चा गर्दै स्वराघात र बलाघातसम्बन्धी नियमको प्रतिपादन पनि पाणिनिले आफ्नो अष्टाध्यायीमा गरेका छन् । वाक्य भाषाको पूर्ण अवयव हो भन्ने कुरालाई पाणिनिले नै सर्वप्रथम अघि सारेका हुन् । यसरी उनले आफ्नो अष्टाध्यायीमा अघि सारेका भाषाविज्ञानसम्मत चिन्तनलाई अहिले आधुनिक भाषावैज्ञानिकहरूले पनि कतिपय सन्दर्भमा यथावत् स्वीकार गर्दै आएको पाइन्छ । पाणिनिले लौकिक र वैदिक संस्कृतलाई तुलनात्मक रूपमा अध्ययन गरेर तुलनात्मक भाषाविज्ञानको जग बसालेको मानिन्छ । उनले वर्णनात्मक एवम् ऐतिहासिक भाषावैज्ञानिक दृष्टिबाट पनि भाषाको वस्तुसत्य र वस्तुतथ्यमूलक विवेचना प्रस्तुत गरेका छन् । पाश्चात्य विद्वान् केरोलले आफ्नो पुस्तक भाषाको अध्ययनमा पश्चिमाहरूले पाणिनिबाट प्रभावित भएर नै वर्णनात्मक र तुलनात्मक पद्धतिबाट भाषाको अध्ययन गर्न प्रारम्भ गरेको ठोकुवा गरेका छन् । केरोलकै शब्दमा पाश्चात्य विद्वान्ले पहिलोपटक हिन्दु वैयाकरण पाणिनिको वर्णनात्मक पद्धतिलाई साक्षात्कार गरे अनि उनीहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा पाणिनिबाट प्रभावित भई भाषाको वर्णनात्मक एवम् तुलनात्मक अध्ययन गर्न सुरु गरे (रावत, सन् २००५, पृ. ६२) । यस भनाइबाट पाणिनिको प्रभाव आधुनिक भाषावैज्ञानिकहरूमा पनि प्रवल रूपमा परेको देखिन्छ । यस प्रकारसँग पाणिनिले ध्वनि, पद, शब्द, वाक्य, अर्थ, आघात् आदि भाषाका सम्पूर्ण अङ्गहरूका बारेमा विशद् विवेचना प्रस्तुत गर्दै संस्कृत भाषाको सूक्ष्म र वैज्ञानिक अध्ययन अष्टाध्यायीमा गरेको देखिन्छ । यसमा उनले संरचनात्मक भाषाविज्ञान, रूपात्मक प्रजनन व्याकरण एवम् कारक व्याकरणसँग सम्बन्धित सूत्र पनि प्रस्तुत गरेका छन् । पाणिनिले गरेको यो भाषिक कार्य अहिले एक्काइसौँ शताब्दीसम्म आइपुग्दा पनि अत्यन्त मूल्यवान् देखिएको छ । उनको यस किसिमको कार्यबाट आधुनिक भाषाविज्ञानको उद्‌भव एवम् विकासका सन्दर्भमा पूर्वीय प्राचीन संस्कृत योगदानकर्तामा पाणिनि सबैभन्दा शीर्षस्थानमा रहेका देखिन्छन् । उनको कार्यबााट आधुनिक भाषाविज्ञानको विकासमा सबैभन्दा बलियो एवम् भरपर्दो प्राचीन पूर्वीय योगदान प्राप्त भएको छ ।

पाणिनिपछिका दोस्रो चर्चित वैयाकरण कात्यायन हुन् । यिनलाई वार्तिककार भनेर पनि चिनिन्छ । यिनको समय पाणिनिभन्दा २०० देखि ३०० वर्ष पछि हो भन्ने अनुमान विद्वान्हरूले गरेका छन् । यिनलाई केहीले पाणिनिका आलोचक भनेर पनि चिनाएका छन् (रावत, सन् २००५, पृ. ६३) । यिनको कृति वार्तिक हो । वार्तिकमा के छ भन्ने सन्दर्भमा भनिएको छ : उक्तानुक्तदुरुक्तानाम् चिन्ता यत्र प्रवर्तते, तं ग्रन्थं वार्तिकं प्राहर्वार्तिकज्ञाः मनीषिणः (तिवारी, सन् १९९२, पृ. ४७९) । अर्थात् अष्टाध्यायीमा भनिएको, नभनिएको र गलत किसिमले भनिएको कुरामाथि वार्तिकमा चर्चा गरिएको छ । नागेश भट्टले उक्तानुक्तदुरुक्तचिन्ताकरत्वं हि वार्तिकत्वम् भनेर वार्तिकको परिभाषा दिएका छन् । यस परिभाषाबाट भनिएको, नभनिएको र ठीकसँग नभनिएको (उक्त, अनुक्त र दुरुक्त) कुराका बारेमा चिन्तन गर्नु नै वार्तिक हो भन्ने स्पष्ट हुन्छ । माथिका दुई भनाइहरूलाई हेर्दा वार्तिक अष्टाध्यायीको समालोचनात्मक कृति हो भन्ने देखिन्छ । भाषा परिवर्तनशील भएकोले गर्दा पाणिनिदेखि कात्यायनसम्मको दुई तीनसय वर्षपछिको समयसम्म आइपुग्दा संस्कृत भाषामा परिवर्तन निश्चित रूपमा देखापऱ्यो । संस्कृत भाषामा देखिएको समसामयिक परिवर्तनअनुरूप कात्यायनले पाणिनिको अष्टाध्यायीका पन्ध्रसय सूत्रहरूलाई संशोधन गरे । अष्टाध्यायीमा समयानुकूल छुटेका कुरालाई थपे । अस्पष्ट कुरालाई स्पष्ट पार्ने कार्य गरे । उनले पाणिनिको अष्टाध्यायीलाई थप सम्पादन गर्ने कार्य गरे । यही कारणले गर्दा कात्यायनको वार्तिक पाणिनीय व्याकरणकै पूरक उपलब्धि मानिन्छ । कात्यायनले आफ्नो वार्तिकमा धेरै ठाउँमा पाणिनिले प्रस्तुत गरेका परिभाषालाई यथावत् अनुसरण गरेका छन् भने कतिपय ठाउँमा फरक दृष्टिकोण प्रस्तुत गरेका छन् । पाणिनिका अच्‌लाई स्वर र हल्‌लाई व्यञ्जन, अक्‌लाई समानाक्षर, लट्‌लाई भवन्ती आदि किसिमले नवीन रूप दिने प्रयत्न कात्यायनले गरेका छन् । यसरी हेर्दा कात्यायनले भाषाविज्ञानको उद्‌भव र विकासका सन्दर्भमा पुऱ्याएको योगदान पाणिनिकै योगदानमा समेटिन गएको देखापर्छ ।

पाणिनीय व्याकरण परम्पराका तेस्रो महत्त्वपूर्ण वैयाकरण पतञ्जलि हुन् । पाणिनि, कात्यायन र पतञ्जलिलाई पाणिनीय परम्पराका मुनित्रय भनेर पनि चिन्ने गरिएको छ । पतञ्जलिको समय ई.पू. १५० स्विकारिएको छ । यिनको प्रसिद्ध कृति महाभाष्य हो । यिनले योगसूत्र एवम् चरक संहिता पनि लेखेका छन् । पतञ्जलिले लेखेको महाभाष्य अष्टाध्यायीमा आधारित छ । अष्टाध्यायीमा जस्तै गरी महाभाष्यमा पनि आठ अध्याय र प्रत्येक अध्यायमा चारचार पादको संरचना रहेको छ । यसमा पाणिनिले प्रस्तुत गरेका कतिपय सूत्रलाई समयसापेक्ष किसिमले व्याख्या र विवेचना गरिएको छ । ध्वनि, शब्द, वाक्यको स्वरूप, वाक्यका भेद, शब्द र अर्थको सम्बन्धका बारेमा महाभाष्यमा व्यापक दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । यस प्रकारसँग पजञ्जलिले भाषाविज्ञानको विकासका सन्दर्भमा पाणिनीय परम्परालाई थप सशक्त बनाउने कार्यमा योगदान पुऱ्याएको देखिन्छ ।

यसरी ई.पू. आठौँ-चारौँ शताब्दीदेखि लिएर पतञ्जलिको समय ई.पू. १५० सम्म आइपुग्दाको मुनित्रय परम्पराले आधुनिक पश्चिमा विद्वान्हरूलाई समेत आश्चर्यचकित पार्ने गरी भाषा र भाषाविज्ञानका बारेमा वैज्ञानिक दृष्टिकोण प्रस्तुत गरेको देखापर्छ । ध्वनि, पद, वाक्य, अर्थ, आघात आदि प्रायः भाषाविज्ञानका सबै अङ्गहरूको सूत्रात्मक विवेचना गर्ने कार्य पाणिनि युगको मुनित्रय परम्पराको उल्लेखनीय योगदान हो । भाषाको तुलनात्मक एवम् ऐतिहासिक पद्धतिमा आधारित भएर वैज्ञानिक अध्ययन गर्ने परम्पराको थालनी पनि पाणिनि युगमा भएको देखिन्छ । यस प्रकारसँग आधुनिक भाषाविज्ञानको उद्‌भव र विकासको पूर्वीय संस्कृत परम्पराको योगदानका सन्दर्भमा पाणिनीय परम्परा र युगको योगदान शीर्षस्थ देखापर्छ ।

**पाणिनिउत्तर युग**

पाणिनीय मुनित्रय परम्पराका पतञ्जलिको समय ई.पू. १५० देखि लिएर ईसाको आठौँ शताब्दीसम्मको अवधिमा भएका भाषिक

कार्यको खोजी बाँकी नै छ। बिचको रिक्त समयावधिपछिको सातौँ शताब्दीदेखि लिएर अठारौँ शताब्दीका वरदराजसम्मको युग नै पाणिनिउत्तर युग हो । पाणिनि परम्पराका अष्टाध्यायी र महाभाष्यका काशिका र टीका रचना गरेर पाणिनीय व्याकरणलाई युगानुकूल उपयोगी बनाउने कार्यमा यो युग मुख्यतः केन्द्रित रहेको छ। वाक्यपदीयकार भर्तृहरिको कार्य र योगदान भने यस दृष्टिले स्वतन्त्र रहेको कुरा बिर्सन हुँदैन।

पाणिनिउत्तर युगको पहिलो र महत्त्वपूर्ण कृति काशिका हो । यसको लेखनावधि सातौँ शताब्दी हो। यसका लेखक वामन र जयादित्य हुन्। यसमा पाणिनिकृत अष्टाध्यायीका सूत्र वृत्तिलाई उदाहरण दिएर स्पष्ट पार्ने प्रयत्न गरिएको छ। साथसाथै यसमा गणपाठलाई पनि समावेश गरिएको छ। अष्टाध्यायी र सिद्धान्त कौमुदीको मध्यावधिमा काशिका निकै लोकप्रिय हुन गएकोले गर्दा धेरै विद्वान्हरूले काशिकाको बारेमा टीका लेखेका छन्। यसरी लेखिएका टीकामध्ये आठौँ शताब्दीका जिनेन्द्रले लेखेको काशिका र व्यास अनि बारौँ शताब्दीका हरदत्तले लेखेको पदमञ्जरी उल्लेखनीय छन् । काशिका र यसको टीकालेखनपछिको पाणिनिउत्तरयुगीन आचार्य भर्तृहरि हुन् । यिनको समय नवौँ शताब्दी मानिएको छ । यिनले वाक्यपदीय, त्रिपदी भाष्य (पतञ्जलिको महाभाष्यको टीका) र नीतिशतक गरी तीनवटा कृति लेखेका छन्। यिनको मुख्य कृति वाक्यपदीय हो। यसमा भाषातत्त्व र भाषादर्शनका बारेमा विशद् चिन्तन प्रस्तुत गरिएको छ। आधुनिक भाषावैज्ञानिक दृष्टिबाट पनि वाक्यपदीय महत्त्वपूर्ण मानिन्छ। श्लोकबद्ध रूपमा लेखिएको वाक्यपदीयमा आगमकाण्ड (ब्रम्हकाण्ड), वाक्यकाण्ड र पदकाण्ड (प्रकीर्णक) गरी तीन काण्ड छन्। दोस्रो वाक्यकाण्डको नामबाट कृतिको नामकरण गरिएको छ। यही कारणले गर्दा वाक्यपदीयमा वाक्यलाई बढी महत्त्व दिइएको अड्कल गर्न सकिन्छ। भर्तृहरिको यो कृति मूलतः भाषातत्त्व र भाषादर्शनमा आधारित रहेको छ। वाक्यपदीयमा भाषालाई बुद्धिको सक्रिय अवस्था मान्दै यसमा श्रोताको बुद्धिले वक्ताको बुद्धिको अर्थलाई ग्रहण गर्दछ र यसैमा भाषाको सार्थकता छ भनिएको छ। भर्तृहरिका अनुसार श्रोताको बुद्धिले वक्ताको बुद्धिको अर्थलाई ग्रहण गर्ने सक्रिय अवस्था नै भाषा हो (रावत, सन् २००५ पृ. ६६)। भाषाका बारेमा प्रस्तुत गरिएको यो भनाइ भाषाको आधुनिक परिभाषाभन्दा कम छैन। भाषिक सम्प्रेषणका बारेमा वक्ता तथा श्रोताको समान प्रक्रियामाथि वाक्यपदीयमा जोड दिइएको छ। वाक्लाई शब्दब्रम्ह भनिएको छ। वर्णलाई वर्णभाग तथा वर्णान्तरसरूप दुई भागमा बाँडेर वर्णन गरिएको छ। भर्तृहरिले वाक्यपदीयमा वाक्यलाई भाषाको एकाइ मानेका छन्। उनले भाषाको एकाइ वाक्य हो; पद होइन भनेका छन्। वाक्यपदीयकारको यो दृष्टि आधुनिक भाषाविज्ञानको वाक्यविज्ञानसम्बद्ध मूल अवधारणाअनुकूल छ। शब्दका मुख्य र गौण गरी दुई अर्थ भर्तृहरिले अघि सारेका छन्। उनका अनुसार लोकप्रसिद्ध अर्थ मुख्य र लोकअप्रसिद्ध अर्थ गौण अर्थ हो । वाक्यपदीयकारले अभिधा शब्दशक्तिलाई मात्र स्वीकार गर्दै वाच्यवाचक सम्बन्धमा जोड दिएका छन्। परिनिष्ठ भाषालाई भन्दा लोकभाषालाई बढी महत्त्व दिनु भर्तृहरिको अर्को महत्त्वपूर्ण कार्य हो। यस प्रकारसँग भर्तृहरिले वाक्यपदीयमा आधुनिक भाषावैज्ञानिकले जस्तै गरी भाषासम्बन्धी विशद् दृष्टिकोण अघि सारेका छन्। उनका दृष्टिकोणहरू आधुनिक भाषावैज्ञानिकका दृष्टिकोणहरूसँग प्रायः मिल्दाजुल्दा छन्। यही कारणले गर्दा भाषाविज्ञानको विकासमा पूर्वीय संस्कृत परम्पराको योगदानका सन्दर्भमा भर्तृहरिको कार्य चमत्कारिक देखिन्छ । भर्तृहरिपछि नागेश भट्ट देखिएका छन्। उनले पनि भाषाका बारेमा मौलिक चिन्तन अघि सारेका छन्। भट्टले कैयटले लेखेको महाभाष्य प्रदीपलाई आधार बनाएर उद्योत नामको टीका लेखेका छन्। त्यस्तै उनले शब्देन्दुशेखर, परिभाषेन्दुशेखर, व्याकरण सिद्धान्त मञ्जूषा र स्फोटवादजस्ता कृति पनि लेखेका छन्। उनले लेखेको व्याकरण सिद्धान्त मञ्जूषा भाषासम्बन्धी चिन्तनमा आधारित रहेको छ। यसै क्रममा कौण्ड भट्टले लेखेको वैयाकरण-भूषण संस्कृत भाषाको सूक्ष्म विवेचनाका दृष्टिले उल्लेखनीय छ।

पाणिनिउत्तर युगको उत्तरावधिमा कौमुदीकारहरू देखापरेका छन्। ईसाको चौधौँदेखि अठारौँ शदाब्दीको यस अवधिमा विमल सरस्वती, रामचन्द्र, भट्टोजि दीक्षित वरदराज आदि कौमुदीकार मुख्य रूपमा देखिएका छन्। भारतमा मुसलमानहरूले हस्तक्षेप गरी राज्य सञ्चालन गर्न थालेकाले यस समयको वातावरण पनि पहिलाको भन्दा भिन्दै हुन जान्छ। नवीन परिस्थितिमा नवीन सोचका साथ अष्टाध्यायीलाई उपयोग गर्नुपर्ने स्थिति बन्दछ । अष्टाध्यायी महाभाष्य आदिका थुप्रै टीका लेखिइसकेकाले अब पालो ती सबैलाई सजिलोसँग बुझ्न सकिने गरी कार्य गर्नुपर्ने देखापर्छ । यही परिस्थितिमा कौमुदीकारहरूको उदय भएको देखिन्छ । चौधौँ शदाब्दीमा रूपमाला शीर्षकको कौमुदी लिएर विमल सरस्वती देखापर्दछन्। यिनले पाणिनिले लेखेको अष्टाध्यायीलाई नवीन संरचनाका साथ प्रस्तुत गर्ने प्रयास गरेका छन्। रूपमालामा सबैभन्दा पहिले प्रत्याहार, संज्ञा र परिभाषाका सूत्रहरूलाई राखिएको छ। त्यसपछि स्वर, प्रकृति, भाव, व्यञ्जन र विसर्ग सन्धिका सूत्रलाई चार भागमा व्यवस्थित गरेर राखिएको छ। सुबन्त, स्त्री प्रत्यय र कारकलाई ६ भागमा बाँडेर राखिएको छ। अन्तमा कृत्, तद्धित र समासलाई राखिएको छ । विमल सरस्वतीपछि प्रक्रिया कौमुदी लिएर रामचन्द्र देखापर्दछन्। यिनको समय पन्ध्रौँ शताब्दी मानिएको छ। सोह्रौँ शताब्दीमा प्रक्रिया कौमुदीलाई आधार बनाएर विट्ठलाचार्यको प्रसाद टीका, शेषकृष्णको प्रक्रिया प्रकाशका साथै अरू केहीका अमृतसृति र व्याकृति नामका टीका पनि लेखिएका छन्। कौमुदीलेखनका क्रममा सत्रौँ शताब्दीको प्रथम चरणमा भट्टोजि दीक्षित देखापर्दछन्। यिनको प्रसिद्ध पुस्तक सिद्धान्त कौमुदी हो। यिनले लेखेको कौमुदी निकै लोकप्रिय हुन पुग्यो । परिणामतः सिद्धान्त कौमुदीपछि पाणिनिको अष्टध्यायीको आधार यही हुन पुग्यो। दीक्षितले आफैले यसको प्रौढमनोरमा नामको टीका र सिद्धान्त कौमुदीकै लघुरूप बालमनोरमा पनि लेखे। यसपछि अरू धेरै सिद्धान्त कौमुदीका टीका पनि लेखेको पाइन्छ। भट्टोजि दीक्षितपछि देखापरेका अन्तिम कौमुदीकार वरदराज हुन्। उनको समय अठारौँ शताब्दी मानिएको छ । उनले सिद्धान्त कौमुदीका मध्यसिद्धान्त, लघुसिद्धान्त र सारसिद्धान्त गरी तीनवटा सङ्क्षिप्त संस्करण तयार गरे । यी संस्करणमा केन्द्रित भएर रामकृष्ण, जयकृष्ण आदिले टीका ग्रन्थ लेखेका छन्। यहाँसम्म आइपुग्दा पाणिनि परम्परासँग सम्बद्ध युग समाप्त हुन्छ । पाणिनिउत्तर युगमै व्याकरणका पाणिनिइतर शाखाहरू पनि सँगसँगै देखिएका पाइन्छन्। त्यस्ता शाखाहरूमा चान्द्र शाखा, जैनेन्द्र शाखा, शाकटायन शाखा, हेमचन्द्र शाखा, कातन्त्र शाखा, सारस्वत शाखा, बोपदेव शाखा आदि मुख्य मानिन्छन् (तिवारी, सन् १९९२, पृ. ४८४)। यति भएर पनि भाषाविज्ञानको उद्भव र विकासका सन्दर्भमा पूर्वीय संस्कृत परम्पराको खोजी गर्दा पाणिनीय परम्परा नै केन्द्रविन्दुमा रहेकोले गर्दा पाणिनिइतर शाखाहरूको भूमिका न्यून रहेको देखापर्छ।

पाणिनिउत्तर युगका वैयाकरण एवम् कौमुदीकारहरूले पाणिनि परम्पराका त्रिमुनिहरूका कार्यलाई युगानुकूल बनाउँदै अघि बढाएका छन्। यही कारणले गर्दा तिनीहरूका भाषिक योगदानहरू त्रिमुनिका कार्यहरूमै योगाबद्ध भएका देखिन्छन् । पाणिनिउत्तर युगका स्वतन्त्र एवम् मौलिक भाषिक चिन्तकका रूपमा भर्तृहरि नै

देखिएका छन् । भर्तृहरिले आधुनिक भाषाविज्ञानका वर्ण, पद, वाक्यका साथै भाषाको परिभाषा, भाषाको सम्प्रेषण, वाक्क्रिया, शब्दशक्ति, लोकभाषाको महत्ता आदिका बारेमा दार्शनिक किसिमले तर वस्तुपरक दृष्टिकोण अघि सारेका छन् । त्यसैले भाषाविज्ञानको विकासमा पाणिनिउत्तर युगले पुऱ्याएको योगदानका सन्दर्भमा उत्तर पाणिनियुगीन समयका भर्तृहरि महत्त्वपूर्ण मानिन्छन् ।

## निष्कर्ष

पूर्वीय संस्कृत परम्परामा ई.पू. १५०० देखि लिएर ईसाको १८औँ शताब्दीसम्म भाषिक शोधखोज र व्याकरणलेखनको निकै लामो ऐतिहासिक परम्परा देखिएको छ । वेद, वेदाङ्ग, शिक्षा, निरुक्तजस्ता वैदिक रचनाका साथै पाणिनि, कात्यायन र पतञ्जलिजस्ता वैयाकरणले लेखेका भाषाव्याकरण कृतिमा भाषा र व्याकरणका तथ्यलाई सूत्रबद्ध गरेर व्यवस्थित किसिमले वर्गीकरण र विश्लेषण गरिएको छ । भाषाविज्ञानसम्बद्ध कतिपय अङ्गहरूका बारेमा वस्तुनिष्ठ विश्लेषण गर्नमा केन्द्रित पाणिनीय परम्परालाई उत्तरपाणिनियुगीन आचार्यहरूले १८औँ शताब्दीसम्म निरन्तर अघि बढाएका देखिन्छन् । भाषाका बारेमा पाश्चात्य क्षेत्रमा सामान्य अध्ययन मात्र हुनसकेको १८औँ शताब्दीसम्मको समयमा पूर्वीय संस्कृतज्ञहरूले गरेका भाषिक कार्यहरूलाई पश्चिमा विद्वान्हरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पाणिनिले भाषाको तुलनात्मक र ऐतिहासिक अध्ययन पद्धतिको थालनी गरेका र वर्णनात्मक दृष्टिले अत्यन्त सचेततापूर्वक भाषिक अध्ययन गरेकोमा पश्चिमाहरू पनि सहमत देखिन्छन् । प्राचीन संस्कृत व्याकरणका उपलब्धिलाई व्यापक अध्ययन गरेर पश्चिमका प्रसिद्ध भाषाहरूका माध्यमबाट सार्वजनिक गरेपछि पश्चिममा संस्कृत भाषा र व्याकरणप्रति निकै अभिरुचि बढ्न गएको हो । यसको परिणामस्वरूप १९औँ शताब्दीको प्रारम्भबाट पश्चिमेली भाषाविद्हरू संस्कृत, ग्रीक र ल्याटिन भाषाको तुलनात्मक अध्ययन गर्न अग्रसर भएका हुन् । यस क्रममा थुप्रै विद्वान्हरूले संस्कृत-ग्रीक-ल्याटिन, संस्कृत-ग्रीक-ल्याटिन-जर्मन आदि भाषाहरूको विविध पक्षमा तुलनात्मक अध्ययन गरेका छन् । केही विद्वान्हरूले संस्कृत भाषालाई आधार बनाएर भाषाको आकृतिमूलक वर्गीकरण पनि गरेका छन् । यसरी पश्चिमाहरूलाई तुलनात्मक ऐतिहासिक र वर्णनात्मक किसिमले भाषावैज्ञानिक अध्ययन गर्न उत्प्रेरित गर्ने कार्यमा पूर्वीय संस्कृत भाषिक परम्पराको ठूलो भूमिका रहेको देखापर्छ । अझ भाषाको आधुनिक भाषावैज्ञानिक सशक्त पृष्ठभूमिका सन्दर्भमा पूर्वीय संस्कृत भाषिक परम्परा नै सबैभन्दा अघि रहेको देखापर्छ । यी विविध कुराहरूलाई हेर्दा भाषाविज्ञानको उद्भवका लागि मात्र नभएर विकास र विस्तारको चरणमा समेत पूर्वीय संस्कृत परम्पराको ठूलो योगदान रहेको देखिन्छ ।

**Ethical Approval for Research:** Not applicable:

**Conflict of Interest:** No conflict of interest

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

## सन्दर्भग्रन्थ सूची


गुणे, पाण्डुरङ्ग दामोदर (सन् १९७४), *तुलनात्मक भाषाविज्ञान* (हिन्दी अनुवाद), मोतीलाल बनारसीदास प्रकाशन ।

तिवारी, भोलानाथ (सन् १९९२), *भाषाविज्ञान,* किताब महल प्रकाशन ।

दीक्षित, भट्टोजि (सन् १९९३), सम्पा. गोपालदत्त पाण्डेय, *वैयाकरणसिद्धान्तकौमुदी,* चौखम्बा विद्याभवन ।

न्यौपाने, टङ्कप्रसाद (२०६१), *भाषाविज्ञानको रुपरेखा,* एन.बी.डी. प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५७), *ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनिपरिचय,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चुडामणि (२०५३), *भाषाविज्ञानका सम्प्रदाय,* अक्षर सदन प्रकाशन ।

रावत, रमेश (सन् २००५), *भाषाविज्ञान,* पञ्चशील प्रकाशन ।

महर्षि वेदव्यास (२०६३), अनु. तिलकप्रसाद लुइटेल, *ऋग्वेद संहिता,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, राजमणि (सन् २०००), *आधुनिक भाषाविज्ञान,* वाणी प्रकाशन ।


## Author's Bionotes

Ganesh Prasad Sharma is an Assistant Professor of Nepali literature in TU, Nepal. He is pursuing PhD in Nepali fiction. His area of interest is Nepali lingustics and literature. He has published number of articles related with Nepali literature.